# स्थानिय राजपत्र

## भानु नगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ११ | मितिः२०८१/०८/०४ |


**भाग-०२**

**भानु नगरपालिका**

भानु नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको निम्नानुसार कार्यबिधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुरुप सार्बजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भानु नगरपालिकाको हाटबजार स्थापना तथा संचालन कार्यक्रम कार्यविधि, २०८१

**प्रमाणिकरण मितिः२०८१/०७ /२९**

**प्रस्तावनाः**

भानु नगरपालिका क्षेत्र भित्र संचालित हाटबजारमा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने तथा कृषि उपजको वजार सुनिश्चित गरी सुरक्षित, सफा र स्वच्छ हाटवजार निर्माण, संरचना र व्यावस्थापनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ ञ (२)को व्यवस्था र गण्डकी प्रदेशको प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन,२०७७ को १२(४) को व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ।

२) यस कार्यविधिको नाम भानु नगरपालिकाको हाटबजार स्थापना तथा संचालन सम्बन्धि कार्यविधि २०८१ हुनेछ।

३) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस भानु नगरपालिकाको हाटबजार स्थापना तथा संचालन सम्बन्धि कार्यविधिमाः

(क) **"समिति"** भन्नाले कार्यविधीको दफा ४ बामोजिम गठित भानु नगरपालिकाको हाटबजार स्थापना तथा संचालन सम्बन्धि समितिलाई सम्झनुपर्दछ।

(ख) **"बजार"** भन्नाले कृषि वस्तु वा समितिले तोकेको अन्य वस्तुको खरिद बिक्री सम्वन्धि क्रियाकलाप गरिने स्थान सम्झनु पर्छ।

(ग) **"कृषि तथा पशु संकलन केन्द्र"** भन्नाले कृषि तथा पशु उत्पादन क्षेत्र आसपास पायक पर्ने गरी कृषि तथा पशुहरु जम्मा गरी बिक्री वितरण गर्ने उदेश्यले निर्माण र संचालन गरिने संरचना सम्झनुपर्दछ।

(घ) **"कृषि वस्तु"** भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफुल, तरकारी तथा माछा जस्ता ताजा वा नाशवान वस्तु सम्झनु पर्छ।

(ङ) **"पशु"** भन्नाले जुनसुकै प्रकारका पाल्तु वा नेपाल सरकारले व्यवसायिक पालनको लागि स्विकृति दिएको जंगली जीवजन्तु ,पन्छी र माछा सम्झनुपर्छ।

(च) **"नगरपालिका"** भन्नाले भानु नगरपालिका सम्झनुपर्दछ।

(छ) **"संयोजक"** भन्नाले हाटबजार स्थापना तथा संचालन समितिको संयोजक सम्झनुपर्दछ।

(ज) **"सदस्य"** भन्नाले हाटबजार स्थापना तथा संचालन समितिको सदस्य सम्झनु पर्दछ।

(झ) **"मन्त्रालय"** भन्नाले संघीय तथा प्रदेश सरकारको कृषि तथा पशु सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ञ) **"हाटबजार"**भन्नाले स्थानिय उत्पादन विक्रि गर्ने उद्देश्यले हप्ताको कम्तिमा एकचोटि संचालन हुने वजार सम्झनु पर्दछ

(ट) **"सेवा शुल्क"** भन्नाले यस कृषि तथा पशु हाटबजार उपलब्ध गराईएको र सेवा सुविधा उपलब्ध गराए बापत प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, पशुवस्तु बिक्रि गर्दा लाग्ने शुल्क तथा स्थान उपलब्ध गराए बापतको भाडा वा अन्य शुल्क सम्झनुपर्दछ।

(ठ) **"बजार व्यवस्थापक"** भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वा नियुक्त गरिएको बजार व्यवस्थापक वा सदस्य सचिवलाई सम्झनुपर्दछ।

(ड) **"अनुदान"** भन्नाले सरकारवाट कृषि व्यवसायलाई प्रोत्साहन गर्न तथा कृषिको आधुनिकीकरण ,विविधिकरण र व्यावसायिकरणका लागि उत्पादन,प्रशोधन,बजारीकरण लगायतमा प्रदान गरिने नगद वा वस्तुगत सहयोग सम्झनु पर्छ।

(ढ) **"कृषक"** भन्नाले कृषि पेसालाई मुख्य पेशा वा व्यवसाय वनाई त्यसवाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनुपर्छ र सो शव्दले त्यस्तो नागरिकमा आश्रित परिवार सदस्य वा वर्गको ६ महिना वा सो भन्दा वढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारमा सदस्यलाई समेत जनाउँछ।

**३ उद्देश्य**

(क) कृषि कार्यबाट उत्पादित उपजहरु, पशु उत्पादन पकेटहरुलाई बजारसँगको आबद्धता प्रदान गर्दै स्वस्थ जीवित पशुपंछी तथा पशुपन्छी जन्य उत्पादन तथा कृषि सामाग्रीहरुको बजारीकरणमा टेवा पुर्याउने।

(ख) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय कृषि तथा पशुपंक्षीको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्रि वितरण तथा उपलब्धता सुनिश्चित गर्न सघाउ पुर्याउने।

(ग) बजार संचालन गर्ने एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने।

(घ) कृषि तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुर्याउने।

(ङ) कृषि तथा पशुजन्य पदार्थको सहज आपुर्ति स्थिति अनुगमन गर्ने।

(च) कृषि तथा पशुजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने।

(छ) रैथाने तथा स्थानिय कृषि उपजलाई वजारिकरण गरि खपत वढाउने।

## परिच्छेद २

## समितिको गठन, काम कर्तव्य र अधिकार

**४. विभिन्न समितिको गठनः-**

(१) यस कार्यविधी बमोजिम कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमका सदस्यहरु रहने गरि एक हाटवजार निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख भानु नगरपालिका | संयोजक |
| (ख) उप-प्रमुख भानु नगरपालिका | सदस्य |
| (ग) संयोजक आर्थिक विकास समिति | सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ङ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (च) उधोग वाणिज्य संघ अध्यक्ष | सदस्य |
| (छ) पालिका स्तरिय कृषक संजाल समिति प्रतिनिधि | सदस्य |
| (ज) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) हाटवजारको अनुगमन र समन्वय गर्ने,

ख) हाटवजार सम्वन्धि कार्यक्रममा सहजिकरण गर्ने,

ग) हाटवजारमा आएका सामाग्रिहरुको निरिक्षण गर्ने गराउने व्यवस्था मिलाउने,

घ) हाटवजारको स्थान तोक्ने।

(३) हाटवजार निर्देशक समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारी र सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमको लागि देहाय बमोजिमको हाटवजार कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख भानु नगरपालिका | संयोजक |
| (ख) उप-प्रमुख भानु नगरपालिका | सदस्य |
| (ग) संयोजक आर्थिक विकास समिति | सदस्य |
| (घ) आर्थिक विकास समिति सदस्यहरु | सदस्य |
| (ङ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ज) पशु सेवा शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (झ) कृषि विकास शाखाका प्राविधिकहरु | सदस्य |
| (ञ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(५) हाटवजार कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) खरिद विक्रि गरिने कृषि वस्तुको गुणस्तर निरिक्षण गर्ने वा गराउने।

ख) जायज मुल्यमा विक्रि भए नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने।

ग) उत्पादक ,उपभोक्ता ,वजार संचालक समिति जस्ता सरोकारवालाहरुलाई सहयोग गर्ने,समन्वयगर्ने गराउने,

(घ) अनुदानको सिमा तोक्ने।

(ङ) प्रस्ताव मुल्याङ्कनका आधार र मापदण्ड निर्धारण गर्ने।

(६) हाटवजार कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारी र सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) हाटवजार स्थापना तथा संचालन हुन सक्ने स्थानमा सम्वन्धित वडा कार्यालयले आवश्यकता अनुसार हाटवजार व्यवस्थापन तथा संचालनका लागि हाट वजार व्यवस्थापन तथा सञ्चालन समिति गठन गरि भानु नगरपालिकाको कार्यालयवाट स्वीकृत लिई दर्ता गरेर हाटवजार संचालन गर्न सक्नेछ।

(८) यस कार्यविधी बमोजिम तोकिएको शर्त तथा मापडण्ड पुरा गरि कुनै पनि क्षेत्र वा सामुदायिक संस्था वा उपभोक्ता समिति वा कृषि सहकारी वा कृषक समुह वा कृषि कम्पनिले नगरपालिकाभित्र हाटवजार संचालन गर्नको लागि भानु नगरपालिकाको कार्यालयवाट स्वीकृत लिई दर्ता गरेर हाटवजार गर्न सक्नेछ।

(९) सामुदायिक संस्था, कृषि सहकारी, कृषि कम्पनी, कृषक समूहवाट संचालन हुने हाटवजारको हकमा हाटवजार व्यावस्थापनको लागि संचालक स्वंयमले एक हाटवजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ्।

(१०) कार्यविधि वमोजिम मापदण्ड पुरा गरी हाटवजार संचालन तथा व्यवस्थापन गर्न सम्पुर्ण जिम्मेवारी संचालक समितिको हुनेछ। व्यक्तिद्वारा संचालित हाटवजारको हकमा कार्यविधि वमोजिम हाटवजार व्यवस्थापन गर्न सम्पुर्ण जिम्मेवारी संचालक स्वंयमको हुनेछ।

(११) दफा १,२,३,४ मा जुनसुकै कुरा कुरा लेखिएको भएता पनी भानु नगरपालिकाले आवश्यकता अनुसार हाट वजार व्यवस्थापन तथा सञ्चालन समिति गठन गरि सिधै हाटवजार संचालन गर्न सक्नेछ।

(१२) हाट वजार व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण सुरक्षा र सम्भार गर्ने,

ख) समितिका तर्फवाट करार वा सम्झौताहरु गर्न वा गराउन स्वीकृत प्रदान गर्ने,

ग) विक्रिस्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय आदी सेवा सुविधा उपलब्ध गराउने,

घ) मिसावट भएका तथा अस्वस्थकर कृषि तथा पशुपंक्षी वस्तु बजारमा बिक्री वितरण गर्न रोक्ने,

ङ) कृषि वस्तुको ग्रेडिङ्गको स्तर निर्धारण गर्ने र ग्रेडिङ तथा उपयुक्त प्याकिङ भएको कृषि वस्तुहरुको खरिद विक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,

च) कृषि तथा पशुपंक्षी वस्तुको कारोवारमा वजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,

छ) बजार क्षेत्रको सेवा सुविधाहरुको शुल्क एवं भाडा निर्धारण गर्ने र असूल गर्ने कार्यविधि स्वीकृत गर्ने,

ज) बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा गर्ने,

झ) कृषि बजार सूचना प्रणालीको स्थापना तथा व्यावस्थापन गर्ने,

ञ) कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,

ट) बजारमा हुने क्रियाकलापको निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

ठ) कृषि वस्तुको खरिद विक्रि लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,

ड) व्यापारी, कृषक तथा समितिका कर्मचारीहरुलाई तालिम दिने व्यवस्था गर्ने,

ढ) सम्भाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्वन्धी व्यवस्था मिलाउने,

ण) बजारभित्र बिक्रि वितरण हुने कृषि वस्तुहरुको गुणस्तर प्रचलित कानुन बमोजिम भए नभएको सुपरीवेक्षण गर्ने,

त) आवश्यकतानुसार कृषि बजार विशेषज्ञलाई सल्लाहकारको रुपमा करार नियुक्त गर्ने,

थ) बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफुल तथा तरकारी संकलन केन्द्र, बजारको स्थापना वा नगरपालिका वा अन्य निकायबाट निर्मित वा संचालित स-साना बजारहरुलाई संचालन गर्ने अभिप्रायले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने,

द) आफ्ना मातहतमा संचालन भएका विभिन्न इकाईहरुलाई आवश्यकता अनुसार एकिन गर्ने वा विभाजन गर्ने,

ध) बजार सम्बन्धि सूचना,जानकारी,समाचार तयार गरि उपयुक्त संचार माध्यमबाट सम्प्रेषण गर्ने,

ध) कृषि वस्तुका खरिद विक्रीसँग सम्वन्धित अन्य आवश्यक कार्य गर्ने।

## ५. समितिको बैठक र निर्णयः-

(क) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ। समितिको बैठक कम्तिमा ३ महिनामा १ पटक अनिवार्य रुपमा बस्नुपर्नेछ। प्रत्येक बैठकमा संरक्षकलाई आमन्त्रण गर्नुपर्नेछ।

(ख) समितिको कुल सदस्य सङख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन्।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयायक मत दिनेछ।

(ङ) समितिको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ।

(च) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(छ) समितिको कार्यालय कृषि तथा पशु हाटबजार स्थल परिसर भित्र रहनेछ।

**६.उपसमितिको गठन गर्न सक्नेः-** समितिले आफ्नो कार्यको संचालनमा सघाउ पुर्याउन उप समिति गठन गर्न सक्ने छ र त्यस्तो उप समितिको काम कर्तव्य र अधिकार सम्वन्धी कार्यविधीले निर्धारण गरे वमोजिम हुनेछ।

**७.समितिको कोषः-**

(१) समितिको एउटा छुट्टै कोष हुनेछ। समितिको कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र भानु नगरपालिकावाट प्राप्त रकम

(ख) विदेशी सरकार वा व्यक्ति वा संस्था वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम,

(ग) कृषि वजार स्थलवाट उठेको सेवा शुल्कको रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम।

२) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा भानु नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

३) समितिले प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्ने मान्यता प्रापत "क" वर्गको बैंकमा खाता खोलि जम्मा गर्नुपर्नेछ।

४) समितिको नामवाट गरिने सवै खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिनेछ।

५) समितिलाई नेपाल सरकार, प्रदेश सरकार, विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त गरेको हो, सो रकम सोही कार्यक्रममा वा कार्यमा खर्च गर्नुपर्नेछ।

६) समितिको कोषको संचालन समितिले निर्णय गरे बमोजिम हुनेछ।

७) समितिको खाता संचालन समितिको अध्यक्ष, उपाध्यक्ष, बजार व्यवस्थापक (सदस्य-सचिव) अनिवार्य संयुक्त दस्तखतबाट हुनेछ।

**५. कोषवाट खर्च गर्न सक्ने व्यवस्था :-**

वजारले कुल आयको ८०% रकम दैनिक वजार संचालन तथा मर्मत सम्भार कार्य र जग्गा उपयोग गरेवापत लाग्ने भाडा वा लिज वापतको रकममा र २० % रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचत राखि राखेछ।

**६.आर्थिक प्रशासनः-**

क) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिनेछ।

ख) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टड एकाउटेन्ट वा रजिष्टर्ड लेखा परिक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ।

ग) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन भानु नगरपालिकामा बुझाउनुपर्नेछ।

घ) समितिले प्रत्येक महिनाको आय व्यय विवरण सूचना टासँ गरी सार्वजनिक गर्नुपर्नेछ।

ङ) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेछ।

च) समितिले आर्थिक कार्य गर्दा/गराउँदा प्रचलित ऐन, नियमको अधिनमा रहि गर्नुपर्नेछ। आवश्यकता अनुसार समितिले कार्यविधि स्वीकृत गरी सोहि बमोजिम आर्थिक कार्य गर्नु/गराउनुपर्नेछ।

छ) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्नेछ।

**७.व्यवस्थापकको नियुक्तिः-**

(१) दैनिक प्रशासकीय एंवम हाटबजार संचालन, सूचना प्रवाह र तोकिएको अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्न सक्नेछ।

(२) माथि उपदफा (१) बमोजिमको नियुक्ति गर्दा खुल्ला प्रतिष्पर्धाको आधारमा गर्नेछ।

**८.व्यस्थापकको योग्यताः**

बजार व्यवस्थापक पदको उमेद्वार हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(१) नेपाली नागरिक,

(२) २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको,

(३) कानुन बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि घोषणा गरेको।

**९.व्यवस्थापकको काम, कर्तव्य, अधिकार र सुविधाः**

(१) आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने,

(२) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(३) बजार व्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालिन तथा दिर्गकालिन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(४) कृषि तथा पशु हाटबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखि काम गर्ने,

(५) समितिले तोकेको अन्य कार्यहरु गर्ने,

(६) कृषि तथा पशुपंक्षी हाटबजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

**१०. समितिको कर्मचारी ः-**

समितिको कार्य सञ्चालनको निम्ति समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आंशिक वा पुरा समयको लागि आवश्यक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ।

**११. समितिको कार्यालयः-**

समितिको कार्यालय सम्भव भए सम्म कृषि उपज बजार स्थल क्षेत्र भित्र रहने छ।

**१२. अधिकार प्रत्यायोजनः-**

समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केहि अधिकार समितिले कुनै सदस्य, सदस्य सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१३. प्रतिवेदन पेश गर्नु पर्नेः-**

समितिले आर्थिक वर्ष समाप्त भएको महिना भित्र आफूले गरेको काम ,बजारमा क्रयविक्रय भएका वस्तुको विधमान मुल्य, खरिद बिक्री परिमाण विवरण, ऊठेका समस्याहरु तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि शाखामा पेश गर्नु पर्नेछ।उक्त प्रतिवेदनको आधारमा भानु नगरपालिकाले भावी नीति तथा कार्यक्रम तय गर्नेछ।

**१४. बजारको स्वामित्वः-**

१) हाटबजारमा विकास गरिएका सार्वजनिक भौतिक पुर्वाधारहरुको पूर्ण स्वामित्व भानु नगरपालिकामा रहेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधीको लागि नगरपालिकाको पूर्व स्वीकृत बिना कसैसँग कुनै पनि सम्झौता गर्ने छैन ।

२) उप दफा (१) मा जुन सुकै कुरा लेखिएको भएपनी हाटवजारमा विकास गरिएका निजि पुर्वाधारहरुमा सम्वन्धित हकवालाको पुर्ण स्वामित्व हुनेछ।

**१५. पुरस्कार, जरिवना र दण्ड सम्बन्धि व्यवस्थाः-**

१) कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम संचालन भैरहेको हाटबजारलाई प्रोत्साहन गर्न अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी हाटबजारलाई अनुदान दिन वा सम्मान गर्न वा पुरस्कार गर्न सक्नेछ ।

२) अनुगमन समितिले अनुगमन गर्दा यस कार्यविधिमा तोकियको मापदण्ड बमोजिम हाटबजार संचालन नभएको पाईएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम कारवाही गर्न सक्नेछ ।

क) प्रथम पटकमा सुधारको लागि मौखिक वा लिखित सुझाव दिने

ख) लिखित सुझावको पालन नभए दोस्रो पटकको लागि नसिहत दिने र जरिवना गर्ने ।

ग) तेस्रो पटकको लागि हाटबजार संचालनमा रोक लगाउने ।

**१६.बीमा सम्बन्धी व्यवस्थाः-**

बजारमा भएको स्थायी भौतिक संरचना, मेसिन-उपकरण एवं सवारी साधनहरुको सम्भव भएसम्म बीमा गराउनु पर्नेछ ।

**१७.सुविधा सम्वन्धी व्यवस्थाः-**

समितिका पदाधिकारी एवं कर्मचारीलाई समितिको कामको सिलसिलामा प्रदान गरिने भ्रमण खर्च लगायत अन्य सुविधाहरु समितिका आर्थिक नियमावलीमा तोकिए बमोजिम हुनेछ र आर्थिक नियमावली नभएको अवस्थामा प्रचलित कानुन अनुसार हुनेछ।

**१८.निर्णय मान्य हुनेः-**

यो कार्यविधमा भएको हाटबजार संचालन सम्बन्धि कुनै दफा वा हाटबजार समितिको निर्णयमा चित नबुझे भानु नगरपालिकामा उजुर गर्न सकिनेछ र त्यस्तो अवस्थामा पालिकाको निर्णय मान्य हुनेछ।

**१९.छाप र लोगोः-** समितिले निर्णय गरे बमोजिमको छाप तथा लोगो प्रयोग गर्नेछ ।

## परिच्छेद ३

## हाटबजार समिति दर्ता तथा नविकरण

**२०. हाटबजार संचालन दर्ता तथा नविकरणः-**

(१) हाटबजार संचालन गर्न इच्छुक संस्था/समितिले नगरपालिका क्षेत्र भित्र हाटबजार संचालन गर्नको लागि कार्यालयवाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ।

(२) स्वीकृतिको लागि संचालकले अनुसुची -१ बमोजिमका कागजात सहित भानु नगरपालिकाको कृषि शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नुपर्नेछ।

(३) वडा कार्यालयल र कृषि विकास शाखामा संचालकले निवेदन पेश गरे पश्चात सम्बन्धित् निकायले आवश्यक जाँचबुझ गरी उक्त क्षेत्रमा हाटबजार संचालन गर्न उपयुक्त देखिएमा हाटबजार संचालनको लागि सिफारिस गर्न सक्नेछ । उक्त क्षेत्रमा हाटबजार संचालन गर्न उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतले हाटवजार स्थापना तथा संचालनको लागि स्वीकृत दिन सक्नेछ।

**२१.नविकरण सम्वन्धमाः-**

(१) प्रत्येक वर्ष हाटवजार इजाजत पत्र नविकरण गर्नु पर्नेछ।नविकरण गर्दा संचालकले अनुसुची २ वमोजिमको ढाँचामा आवश्यक कागजात सहितको निवेदन शाखामा पेश गरी
परिच्छेद ६ मा तोकिए वमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रकृया

**२२.कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा बजार समिति छनौटका आधारः-**

(१) कार्यक्रम सञ्चालन हुने छनौटका आधारहरु देहायबमोजिम हुनेछन्।

(क) नगरपालिका कृषि उपज उत्पादन र बजारिकरणका हिसावले सम्भाव्य र महत्वपूर्ण क्षेत्र।

(ख) बजार स्थल सम्म सडक, विजुली तथा बजार स्थलमा खानेपानीको सुविधा भएको वा हुन सक्ने।

(ग) बजार सञ्चाल भईरहेको वा माग/सम्भावना भएको।

**२३.कार्यक्रम कार्यान्वयनः-**

(क) यस कार्यक्रम कार्यन्वयन कृषि विकास शाखा मार्फत हुनेछ।

(ख) नगरपालिकाले कृषि बजार निर्माण कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन गरी वा सिधै आयोजना प्रस्ताव माग गर्न सक्नेछ।

(ग) कृषि उपज बजार निर्माण गर्न अनुसूची ४ बमोजिमको प्रस्तावना पेश गर्नु पर्नेछ।

(घ) प्रस्तावित कृषि उपज बजार परिच्छेद ५ मा उल्लेख भए बमोजिमको मापदण्ड पुगेको हुनुपर्नेछ।

(ङ) शाखाले तोके वमोजिम कागजातहरु संलग्न हुनु पर्नेछ।

(च) प्रस्तावना साथ बजार स्थापना आवश्यक रहेको वडा कार्यालयको सिफारिस पत्र संलग्न गर्नुपर्नेछ।

(छ) भौगोलिक संभाव्यताका आधारमा प्राप्त आवेदनहरुको स्थलगत प्रमाणिकरण तथा मूल्याङ्कन र छनोट समितिले गर्नेछ।

(ज) सिफारिस भएका प्रस्तावकहरुको प्रस्तावित ईन्जिनियरिङ डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको अन्तिम लेखाजेखा भानु नगरपालिकाको मातहत शाखाले गर्नेछ तर कार्यान्वयनको चरणमा कुनै प्राविधिक रेखदेख, सुपरीवेक्षणको आवश्यकता परेमा सोही बमोजिमको जनशक्ति नगरपालिकाले उपलव्ध गराउनेछ।

(झ) सरकारी जग्गा भएमा सम्बन्धित स्थानिय तहबाट बजारको नाममा जग्गा प्रदान गरको पत्र।

(ञ) चालू आ.व र विगत २ वर्षमा सोहि कार्यका लागि अन्य सरकारी निकायवाट अनुदान प्राप्त गरेको अनुदान प्राप्त गरेको अवस्थामा अनुदान उपलब्ध गराईने छैन। तर, सम्पन्न भए नसकेको कृषि उपज बजारलाई थप अनुदान दिन बाधा पुग्ने छैन।

(ट) खण्ड (ञ) अनुसार अनुदान प्राप्त नगरेको भए स्वघोषणा पत्र समेत संलग्न गर्नुपर्नेछ।

## परिच्छेद ५
## हाटवजार मापदण्ड

२४. <u>संचालन स्थान र जग्गा</u> :

१. संचालन स्थान र जग्गा वजार संचालन गर्न इच्छुक संस्थाले ५ कठ्ठा जग्गा उपलव्ध गराउनु पर्नेछ। वजार संचालन गर्ने जग्गा कम्तिमा १० वर्ष करारनामा पत्र गर्नुपर्नेछ।

२. एक हाटबजार देखि अर्को हाटबजार बीचको दुरि कम्तिमा १ कि.मी हुनुपर्नेछ।

३. हाटवजार राजमार्गवाट २०० मि. र मुख्य सडक भन्दा १०० मि. टाढा अवस्थित हुनुपर्नेछ ।

४. वजार विमानस्थल, मध्यवर्ति क्षेत्र, सामुदायीक वनको आसपासमा संचालन गर्नु पर्ने भएमा सम्वन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**२८. <u>भौतिक संरचनाः-</u>**

१) हाटवजार तोकोएको अधिनमा रहि निर्माण गर्नुपर्नेछ। हाटवजार परिसरमा तोकिए भन्दा विपरित वा बढि संरचना निर्माण गर्न पाइनेछैन।

२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी वनाउन फलाम /सिमिन्टको पिल्लर र सिजिआई छाना लगाउनु पर्नेछ।

३) हाटवजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रवन्ध हुनुपर्नेछ।

४) हाटवजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ।

५) हाटवजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विद्युत् तथा उज्यालोको लागि विजुली बत्तीको प्रबन्ध मिलाउनु पर्नेछ।

६) हाटवजार संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नु पर्नेछ।

**२५. <u>फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण</u>ः-**

१) हाटबजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण समितिले गर्नु पर्नेछ।

२) कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि १० स्टल बराबर ४० लि. क्षमता भएको ढक्कन सहितको अलग अलग बिनको व्यवस्था गर्नुपर्नेछ।

३) हाटबजार क्षेत्रभित्र होहल्ला र प्रदुषण(ध्वनी, वायु, माटो, जल आदि) गराउन पाईने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस गर्न वा राख्न पाईने छैन।

४) हाट वजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ।

**२६.<u>वस्तु तथा सामाग्रीहरुको व्यवस्थापन</u>ः**

(१) हाटवजारमा विक्री वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुडा, ठेला प्रयोग गरी राखिने वस्तुहरु,फलफुल, आदि छुट्टाछुट्टै वा एकै प्रकारको व्यावसायलाई एकै लहरमा व्यवस्थापन गर्नुपर्नेछ। ठेला प्रयोग नगरी राखिने वस्तुहरुको लागि अनिवार्य रुपमा सरल प्रयोग गर्नु पर्नेछ।

(२) माछामासु विक्री वितरणको लागि बजारको पछाडिको निर्धारित कुनामा स्टल प्रयोग गर्नुपर्नेछ। यस प्रकारको उपज विक्रीका लागि पक्कि डलान गरिएको सफा गर्न पानीको प्रवन्ध सहित निकासको व्यवस्था भएको हुनुपर्नेछ।

**२७.<u>बिक्रि वस्तु तथा सामाग्रीको अनुपात</u>ः-**

(१)कृषि /पशु वस्तु विक्रि तथा संकलन केन्द्र एवं हाटवजारको स्टलहरुमा राखिने सामाग्रीहरुमा कृषि जन्य र स्थानिय उत्पादन ६०(साठि) प्रतिशत र तयारी सामाग्रीहरुको अनुपात ४०(चालिस प्रतिशत)को हुनुपर्नेछ।

(२) उत्पादकद्वारा नै विक्रि गर्ने कृषि उपज लगायतका अन्य सामाग्रीलाई प्राथामिकता दिनु पर्नेछ।कुल स्टल संख्याको कम्तिमा ५ वटा यस्ता स्टल उत्पादकको लागि सुरक्षित गर्नु पर्नेछ।

(३) हाटबजारमा रैथाने र स्थानिय कृषि उत्पादनलाई थोरै सेवा शुल्क लिने व्यवस्था मिलाउनुको साथै अर्गानिक/रैथाने कृषि उपजको लागी अनिवार्य रुपमा न्युनतम दुईवटा स्टल निशुल्क उपलव्ध गराउनु पर्नेछ।

२८. <u>कार्यालय व्यवस्थापनः-</u>

१) हाटवजार प्रवेशको स्थानमा हाटवजारको नाम तथा परिचय खुल्ने वोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन, स्टलको संरचनामा नाम स्टल नं. प्रस्ट देखिने गरि राख्नु पर्दछ। हाटवजारमा सामान खरिद विक्रि गर्ने व्यवसायिलाइ स्टल दिदा निश्चित अवधि तोकि सम्झौता गरेर मात्र दिनु पर्दछ।

स्पष्टिकरणः हाटवजारमा कृषि उपजको हकमा अर्गानिक वा रासायनिक उत्पादन के हो प्रष्ट देखिने गरि लेभलिङ, प्याकेजिङ्गलाई प्राथामिकता दिइनेछ।

(२) हाटवजार क्षेत्र भित्र कम्तिमा एक वटा कार्यालय कोठा र हाटवजार संचालन सम्वन्धी सुचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नुपर्नेछ।

(३) हाटवजार संचालन हुने प्रत्येक दिन हाटवजारमा विक्रीमा राखिने प्रत्येक कृषि जन्य उत्पादनको अधिकतम र न्युनतम मूल्य खुलाई मुल्यसूची सूचना पार्टिमा टाँस गर्नु पर्नेछ।

## परिच्छेद ६
## कर तथा शूल्क सम्बन्धी व्यवस्था

२९. <u>इजाजत पत्र दर्ता तथा नविकरण</u> :

(१) वजार संचालन ईजाजत पत्र दर्ता गर्दा रु.१००।—(अक्षरेपी एक सय मात्र।) र नविकरण नविकरण शुल्क रु. ५०।-(अक्षरेपी पचास मात्र ) लाग्नेछ।हरेक वर्ष नविकरण गर्नुपर्नेछ।म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण गरेमा रु. ५०।- (अक्षरेपी पचास मात्र।) नविकरण शुल्क लाग्नेछ र म्याद समाप्त भएको मितिले ३० दिन पछि १ वर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क वापत रु. ५०।(अक्षरेपी पचास मात्र।) र जरिमाना वापत रु. २५।(अक्षरेपी पच्चिस मात्र।) लाग्नेछ।म्याद समाप्त भएको १ वर्षपछि प्रतिवर्ष नविकरण वापत रु. ५०।(अक्षरेपी पचास मात्र।) र जरिमाना वापत रु.२५।(अक्षरेपी पच्चिस मात्र।) लाग्नेछ।

३०.<u>वहाल विटौरि शुल्कः</u>

(१) निजि जग्गा भाडामा लिई संचालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर समितिले मासिक रुपमा नगरपालिकामा दाखिला गर्नुपर्नेछ।

**३१. <u>स्टल बहाल प्रक्रिया</u>ः**

(१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामाग्री, विक्रीकर्ता (उत्पादक स्वंयम वा व्यापारी) आदिको आधारमा भाडादर निर्धारण गर्न सक्नेछ। यसरी स्टल भाडामा लगाउदा समितिले प्रत्येक विक्रीकर्तासँग अलग अलग सम्झौता गर्नुपर्नेछ। स्पष्टिकरणःबहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी मुल्य निर्धारण गर्नुपर्नेछ।

**३२. <u>बहाल कर</u>ः**

(१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर मासिक रुपमा समितिले नगरपालिकामा दाखिला गर्नुपर्नेछ।

(२) नगर कार्यपालिकाले कार्यान्वयन समितिको सिफारिसमा निर्णय गरि कर बाहेकको अन्य शुल्क तथा थप अनुदान सम्वन्धी व्यवस्था गर्न सक्नेछ।

## <u>परिच्छेद ७</u>

## <u>अनुदान व्यवस्था तथा प्रवाह विधि</u>

**३३. <u>अनुदान व्यवस्था</u>ः-**

(१) अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ।

(क) सम्झौता गरी नियमानुसार कार्यदेश दिईनेछ तथा तत् पश्चात कार्य सम्पन्न प्रतिवेदन तथा रनिङ विल, बजार समितिले पेश गरेको विवरण, मूल्याङ्कनमा संलग्न कागजातहरु तथा नगरपालिकाद्वारा गरिएको अनुगमन प्रतिवेदनका आधारमा हुन आउने रकमको १०० प्रतिशत अनुदान रकम समितिको बैक खातामा नगरपालिकावाट भुक्तानी दिइने छ।

(ख) यसरी भुक्तानी गरिने अनुदानको रकम सम्झौतामा उल्लेखित अनुदान रकम भन्दा बढि हुने छैन।

(ग) भुक्तानी गर्दा प्रचलित कानूनबमोजिम अग्रीम आयकर तथा कन्टिन्जेन्सि बापतको रकम कट्टा गरिनेछ। कन्टिन्जेन्सि बापतको रकम आवश्यक बिशेषज्ञ, परामर्श सेवा, मर्मत संभार र निर्माण कार्यको सुपरिवेक्षण, प्राविधिक सेवा आदिमा खर्च गर्न सकिनेछ।

**३४. <u>कार्यान्वयन प्रक्रिया</u>ः-**

(१) कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ।

(क) छनौट भएका प्रस्ताव अनुसार निर्माण गरिने बजार पूर्वाधारको नक्सा, लागत इस्टिमेट तयार गरी सोहिअनुसार गर्नु गराउनु पर्नेछ।

(ख) कृषि उपज बजार व्यावस्थापनका लागि सम्पुर्ण भौतिक पूर्वाधार निर्माणको कार्य तोकिएको आ.व भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(ग) निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा नगरपालिकाबाट हुनेछ। आवश्यकता अनुसार नगरपालिकाले साईट सुपरभाईजर तोक्न सक्नेछ।
(घ) बजार समितिले आफ्नो लेखा परिक्षण, करारको स्थिति प्रतिवेदन वार्षिक रुपमा नगरपालिकाका कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ।
(ङ) कागजजातहरु संलग्न हुनु पर्नेछ।

## परिच्छेद ८
## विविध

**३५. बजार अनुगमन** :-

(१) नगरपालिकामा हाटबजार अनुगमन तथा नियमनको लागि नगरपालिकाको उप- प्रमुख, आर्थिक विकास समिति, सम्बन्धित वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख, कृषि तथा पशु शाखाका प्राविधिक र अनुगमन कार्य सहजताको लागि आवश्यक अनुसार स्थानिय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ।

**३६. संचालन गर्न नपाईने:-**

(१) यस कार्यविधी विपरित हुने गरि हाटवजार संचालन गर्न पाइने छैन।

**३७. हाल संचालनमा रहेका हाटवजारको सम्वन्धमा:-**

(१)अनुमति प्रक्रिया वाहिर रहेका र हाल संचालनमा रहेका सवै हाटवजारहरुले कार्यविधि लागु भएको ६ महिना भित्र कार्यविधि वमोजिम मापदण्ड पुरा गरि अनुमति लिइसक्नु पर्नेछ।
(२) दुई महिनाको समय अपुग भई हाटवजार संचालकवाट अनुरोध भई आएमा नगरपालिका अनुगमन समितिले एक पटक मात्रको लागि बढिमा एक महिनाको अवधि थप गर्न सक्नेछ।
(३) सो अवधि भित्र तोकिएको मापदण्ड पुरा गरी अनुमति प्रक्रियामा नआएका हाटबजार संचालन गर्न रोक लगाउनेछ।

**३८. स्थान्तरण सम्बन्धी व्यवस्था:-**

(१) संचालकले स्विकृत स्थान भन्दा अन्यन्त्र हाटबजार स्थान्तरण गर्नुपर्ने भएमा सम्बन्धित वडाको सिफारिस सहित शाखामा निवेदन दिई हाटबजार स्थान्तरण गर्न सकिनेछ। यसरी स्थान्तरण गरी संचालन हुने हाटबजारको हकमा पनि तोकिएको मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

**३९.हाटबजार संचालन गर्न सक्ने:-**

(१)माथि जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधी लागु भएको ६ महिना सम्म हाटवजारका मापदण्ड पुरा गर्न लाग्ने देखिएमा त्यस्तो संस्था,समिति वा व्यक्तिले पछि मापदण्ड पुरा गर्ने शर्तमा हाटवजार स्थापना तथा संचालन कार्यक्रम गर्न सक्नेछ।

४०. <u>कार्यक्रम व्यवस्थापन</u>ः-

तालिम तथा कार्यक्रम व्यवस्थापनमा खर्च गर्न सकिनेछ।

४१. <u>बाधा अड्काउ फुकाउ</u> ः-

यस कार्यविधिमा कुनै बाधा अड्काउ आएमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसुची - १

## अनुमतिको लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
भानु नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
फुस्रेटार, तनहुँ ।

**विषयः हाटबजार संचालन अनुमति सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा भानु नगरपालिका .................................मा द्वारा हाटबजार संचालन गर्नको लागि आवश्यक कागजात यसै साथ संलग्न राखी अनुमतिको लागि अनुरोध गर्दछु/गर्दछौं।

**आवश्यक कागजातहरु:-**

१. संचालन गर्ने कृषि सम्बन्धि संस्था वा फर्मको परिचय खुल्ने कागजात
क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (संचालन गर्ने व्यक्ति)
ख) संस्था दर्ता तथा नविकरणको प्रमाणपत्र (संचालक संस्था भए)
ग) संस्थाको विधान वा सस्था संचालन कार्यविधि (संचालक संस्था भए)
घ) करचुक्ता प्रमाणपत्र (संचालक संस्था भए)
२. जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि
३. करारनामा (जग्गा भाडामा लिई संचालन गर्ने भएमा)
४. सँधियारले स्वीकृत दिएको........सहित सम्बन्धित वडा तथा निकायको सिफारिस
५. पूर्वाधारको स्वीकृत डिजाइन

**निवेदक**

## अनुसुची - २

## नविकरणको लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु
भानु नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
फुस्रेटार, तनहुँ ।

प्रस्तुत सम्बन्धमा मिति ..........मा नगरपालिकामा दर्ता भई संचालन भएको (नाम)..................हाट वजार संचालन निरन्तरताको लगि नविकरण गरिदिनुहुन अनुरोध छ।

**आवश्यक कागजात**हरुः-

१. सम्वन्धित वडाको सिफारिस,

२. आय-व्ययको विवरण वा लेखा परीक्षण प्रतिवेदन,

३. सहकारिद्वारा संचालितको हकमा सहकारी शाखावाट संस्था सक्रियताको सिफारिस।

**निवेदक**

## अनुसूची - ३

**हाटबजार संचालन अनुमातिपत्रको ढाँचा**

भानु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भानु नगरपालिका वडा न.......मा संचालन हुने हाटवजारलाई यस नगरपालिका नगरकार्यपालिकाको हाट वजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ वमोजिम भानु नगरपालिकामा नगर कार्यपालिका अन्तर्गतको कृषि तथा पशुपंक्षी शाखामा अभिलेख राखि कार्यविधिको दफा २० (३) बमोजिम यो इजाजतपत्र प्रदान गरिएको छ

हाटवजारको नामः........................... संचालकको नामः.....................................

| आ.व | नविकरण शुल्क | रसिद न. | तिरेको मिति | अर्को नविकरण गर्न पर्ने मिति | नविकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसुची - ४

## कृषि उपज बजार हाट वजार सम्बन्धि(प्रस्तावना ढाँचा)

१. परिचयात्मक विवरण

| | |
|---|---|
| आवेदन संस्था/समितिको नामः | |
| ठेगानाः | |
| जिल्लाः | |
| स्थानिय तहको नामः | |
| वडा न. | |
| गाउँ/टोलः | |
| सस्था/समितिको अध्यक्षको नामः | |
| अध्यक्षको फोनः | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन न. | |
| सस्था/समिति दर्ता न. र मिति | |
| सस्था/समिति दर्ता दर्ता भएको कार्यलयको नामः | |
| | |

२.लाभान्वित कृषक परिवार संख्या

प्रत्यक्ष.......................................................

अप्रत्यक्ष...........................................................

३. बजार निर्माणमा लाग्ने लागत विवरण

| लागत सहभागिता विवरण | रकम रु.(अङ्क र अक्षरमा) | कैफियत | |
|---|---|---|---|
| जम्मा लागत रु. | | | |
| नगरपालिकाले व्यहोर्ने रु. | | | |
| समितिले व्यहोर्ने. | | | |
| अन्य साझेदार संस्था भए रु. | | | |

४.आयोजना प्रस्ताव विवरण

४.१ तपाईले कस्तो बजार निर्माण गर्न चाहानुहुन्छ

क) ...............................................................................(हाट वजार,खुद्रा वजार,संकलन केन्द्र,थोक बजार मध्य कुनै)

ख) बजार संचालनको अवस्था..........................................................................(संचालन रहेको/नयाँ स्थापना)

ग) बजारमा आउने मुख्य उपजको विवरण

| क्र.स | प्रमुख कृषि उपजको नाम | परिमाण(अनुमानित मे.टन) | उपज कहाँवाट आउने |
|---|---|---|---|
| | | | |
| | | | |

४.२. बजारले सेवा पुर्याउने स्थानहरु

१. .......................................................................

२.........................................................................

३. ..........................................................................

५.आवेदक/संस्था/समितिको चल अचल पूँजीको विवरणः

| चल पुँजी | अचल पुजीं | कैफियत |
|---|---|---|
| | | |
| | | |

६.बजार सञ्चालका लागि जग्गाको विवरणःलोगो लगाउनु होस)

क) व्यक्तिगत/करारमा लिएको क्षेत्रफल..........................................

ख) सस्था/समितिको नाम रहेको क्षेत्रफल .......................................

ग) सरकारी स्वामित्वको क्षेत्रफल............................................

७.बजार बनाउँदा कस्तो संरचना बनाउने उल्लेख गर्नुहोस।

१.

२.

३.

................

८. सडक सुविधा वा छैन.........................

क) छ भने बजार स्थलबाट मुख्य सडक संगको दुरी ............................................किमी

ख) छैन भने सडकको संभावना विवरण

९.यदि संकलन केन्द्र निर्माण गर्दै हुनुहुन्छ भने संकलित कृषिजन्य वस्तु बिक्री गर्ने बजारको नाम उल्लेख गर्नुहोस।

१................................................................

२......................................................

३......................................................

१५.बजारको फोहोर कसरी व्यवस्थापन गर्नुहुन्छ.................................................

१६.बजार निर्माण सम्पन्न भएपस्चात कसरी सञ्चालन गर्नुहुन्छ बिस्तृत उल्लेख
गर्नुहोस।

.....................................................................

१७.अन्य केहि भए

उपयुर्युक्त बमोजिम विवरणहरु जाने वुझेसम्म सहो छ यदि झुटो ठहरिएमा निवेदन स्वत खरेज भई कानुन वमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

नोटःयो नमुना फारम मात्रै हो निर्दिष्ट गरेको बुदामा रहि विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

**आज्ञाले**

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत